## सर्वोच्च अदालतबाट जारी

काठमाडौं

## प्रेस विज्ञप्ती

विगत केही समय देखी अदालतबाट सम्पादित काम कारवाहीलाई आधार बनाएर तथा अदालतबाट भएका फैसला वा आदेशहरुलाई लक्षीत गर्दै अनलाइन मिडिया तथा सामाजिक सञ्जालहरुमा राजनीतिक दलका नेता, पत्रकार, कानून व्यवसायी तथा अन्य व्यक्तिहरुसमेतबाट विभिन्न प्रकारका अप्रमाणित, भ्रमपूर्ण तथा लान्छना लाग्ने सामग्रीहरु प्रकाशन तथा प्रसारण हुदै आएको देखिन्छ। अदालतको मान, प्रतिष्ठा कायम राख्नु सम्बन्धित सबैको दायित्व हो। अदालतबाट भएका काम कारवाहीका सम्बन्धमा आधिकारिकता पुष्टि नगरी प्रकाशन तथा प्रसारण हुने सामग्रीहरुले अदालत प्रतिको आस्था एवम् विश्वासमा आँच पुग्ने हुँदा यस प्रकारका सामग्रीहरु प्रकाशन तथा प्रसारण गर्नुपूर्व उक्त विषयवस्तुको आधिकारिकता पुष्टि गरेर मात्र गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गर्दछौ ।

साथै, अदालतबाट भएको फैसला एवम् आदेशमा चित्त नबुझ्ने पक्षले उक्त आदेश वा फैसला उपर माथिल्लो तहको अदालतमा पुनरावेदन/ निवेदन दिन सक्ने न्यायिक प्रणाली अवलम्बन गरिएको र सोही अनुकूलको कानूनी व्यवस्था भएको अवस्थामा कुनै अदालतको आदेशलाई लिएर राजनीतिक दलका जिम्मेवार नेता एवम् कानून व्यवसायी एवम् विभिन्न व्यक्तिहरुबाट अदालत एवम् न्यायाधीशप्रति लक्षित गरी अमर्यादित शब्द एवम् भाषा प्रयोग गरी युटुब, फेसबुक, ट्विटर लगायतका सामाजिक सञ्जालमा प्रसारण भैरहेको विषय प्रति यस अदालतको गम्भिर ध्यानाकर्षण भएको छ। अदालतबाट भएका आदेश वा फैसला उपर चित्त नबुझे सो उपर माथिल्लो तहको अदालतमा गई कानूनी उपचार खोज्नको लागि सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। साथै कतिपय अनलाइन संचारमाध्यम तथा प्रिन्ट मिडियाबाट असत्य र भ्रमित समाचार प्रकाशन भएको सम्बन्धमा पनि यस अदालतको गम्भीर ध्यानाकर्षण भएको व्यहोरा अनुरोध गर्दछौ।

मिति: २०७९।०३।३०

प्रवक्ता